MEETING POST LEGALIZATION CHALLENGES

सुमार्ग SUMARGA
POWER OF INFORMED REPRODUCTIVE DECISION
An advocacy programme of क्रेपा CREHPA

*Reproductive Health Research Policy Brief*
*Number 10, December 2006*

# गर्भपतन सम्बन्धी जनमत सर्वेक्षण २००६
## (Public Opinion Poll Survey on Abortion 2006)

जनमत सर्वेक्षणबाट गर्भपतन सम्बन्धी कानुनी व्यवस्थाले महिलाहरुको प्रजनन् अधिकारलाई सुनिश्चित गर्ने सम्बन्धमा आम नागरिकहरुको धारणाको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ। यसले जनमानसमा चेतना अभिवृद्धि भए नभएको तथा वैध र सुरक्षित गर्भपतन सेवालाई स्वीकार गरे, नगरेको पनि प्रतिबिम्बित गर्दछ। यसैगरी जनमत सर्वेक्षणबाट आएको नतिजाको आधारमा महिला तथा दम्पत्तिहरुलाई आफ्नो गर्भका सम्बन्धमा सुसूचित निर्णय लिन सहज वातावरण सृजना गर्ने खालको सूचना, शिक्षा तथा संचारका सामाग्रीहरु (IEC) निर्माणका साथै व्यवहार परिवर्तनका कार्यक्रमहरु गर्नको लागि रणनीति तयार गर्न उपयोगी हुन्छ। नेपालमा सन् २००२ मा गर्भपतनले कानुनी मान्यता प्राप्त गरे पश्चात हाल सम्म क्रेपाले विभिन्न वर्षहरुमा गरि चार पटक गर्भपतन सम्बन्धी जनमत सर्वेक्षण सम्पन्न गरिसकेको छ।

### पृष्ठभूमि

नेपालमा मुलुकी ऐनको ११ औं संसोधनबाट गर्भपतनले कानुनी मान्यता पाएको चार वर्ष भन्दा बढी भैसकेको छ। कानुनले तोके अनुसार गर्भवती महिलाको मंजुरीमा १२ हप्तासम्मको गर्भ, जवरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ र गर्भपतन नगरेमा गर्भवती महिलाको ज्यानमा खतरा पर्ने वा शारीरिक वा मानसिक रुपमा स्वास्थ्यमा असर पर्ने भएमा वा विकलाङ्ग बच्चा जन्मन सक्ने अवस्था भएमा योग्यताप्राप्त चिकित्सकको रायमा जुनसुकै अवधिको गर्भ गर्भपतन गर्न पाईन्छ।

विगत २ वर्ष ८ महिना देखि हाम्रो देशमा सुरक्षित गर्भपतन सेवा पनि संचालन भईरहेको छ। २०६३ असोज १५ सम्ममा सरकारले सुरक्षित गर्भपतन सेवाका लागि ६९ जिल्लाहरुमा ८२ सरकारी र ५५ नीजि क्षेत्रका गरि जम्मा १३७ सेवा केन्द्रहरुलाई मान्यता प्रदान गरेको छ। यस्तो मान्यता प्राप्त स्वास्थ्य संस्थाहरुले मात्र गर्भपतन सेवा उपलव्ध गराउन पाइने कानुनी व्यवस्था छ। यति हुंदाहुँदै पनि असुरक्षित तथा अवैध गर्भपतन रोकथाम र सुरक्षित, सुलभ र गुणस्तरीय गर्भपतन सेवामा ग्रामीण तथा दुर्गम क्षेत्रका महिलाहरुको पहूँच वृद्धि हुने गरी विस्तार गर्नमा ढिलाइ भईरहेको, गर्भपतन सम्बन्धी कानुनी व्यवस्था र सेवाका बारेमा ज्ञानको कमी हुनु, मान्यता पाएका कतिपय सरकारी अस्पतालहरुमा सीमित डाक्टरहरु भएका कारणले गर्भपतन सेवा नियमित रुपमा संचालन गर्न नसक्नु, केही अस्पतालहरुले स्वीकृति प्राप्त गरेर पनि गर्भपतन सेवा संचालन नगर्नु कानुनी मान्यता पश्चातका प्रमुख चुनौतीहरु हुन्। यसको अलावा समाजको गर्भपतनप्रतिको नकारात्मक सोचाईका कारणले महिलाहरुलाई लुकिछिपी असुरक्षित तथा अवैध गर्भपतन गर्न बाध्य पार्ने अर्को प्रमुख चुनौतिको रुपमा रहेको छ।

### सर्वेक्षण विधि

यो चौथो जनमत सर्वेक्षण कृपाद्वारा नेपालका प्रमुख दशवटा शहरहरु काठमाडौं, भक्तपुर, भरतपुर, पोखरा, विराटनगर, धरान, बीरगंज, जनकपुर, भैरहवा र नेपालगंजमा गरिएको थियो। सर्वेक्षणमा १८ वर्ष देखि ६० वर्षसम्मका १३९६ पुरुषहरु र १३९६ महिलाहरु गरी २७९२ जनासँग अन्तरवार्ता लिइएको थियो। छनौटमा परेका शहरहरुमा उत्तरदाताहरुको संख्या जनसंख्याको अनुपातमा निर्धारण गरिएको थियो। ती शहरहरुका जनसंख्याको आधारमा कम्तीमा २ र बढिमा १५ वटा वडाहरु Randomly छनौट गरिएका थिए। छनौट भएका वडाहरुमा मतदाता नामावलीको प्रयोग गरी Principal Respondent छनौट गरिएको र Cluster sampling विधिको प्रयोग गरी महिला र पुरुष उत्तरदाताको छनौट गरिएको थियो। मत संकलन कार्य २०६३ साल असोज २४ गतेदेखि कार्तिक ४ गते (१०-२१ अक्टोबर २००६) सम्ममा सम्पन्न गरिएको थियो।

क्रपा CREHPA
**Center for Research on Environment Health and Population Activities (CREHPA)**
*Kusunti, Lalitpur P.O.Box 9626, Kathmandu, Nepal, Phone: 5546487, 5521717 Fax: 5522724*
*E-mail: crehpa@crehpa.wlink.com.np, Website: www.crehpa.org.np*

## जनमत सर्वेक्षण २००६ का उद्देश्यहरू

- शहरी क्षेत्रमा बसोबास गर्ने जनसमुदायहरुमा गर्भपतनले कानुनी मान्यता पाएको विषयमा कति ज्ञान छ थाहा पाउन;
- गर्भपतन सम्बन्धी अधिकार महिलालाई दिएको विषयमा जनसमुदायको कस्तो धारणा रहेको छ थाहा पाउन;
- सुरक्षित गर्भपतन सेवा र सेवा शुल्कको बारेमा जनसमुदायको धारणा थाहा पाउन;
- औषधीको प्रयोगद्वारा सुरक्षित गर्भपतन गर्ने प्रविधि (Medical Abortion) हाम्रो देशमा पनि सञ्चालन गर्न आवश्यक छ कि छैन सो बारेको धारणा बुझ्न;
- डाक्टरहरुले अस्पतालमा सुरक्षित गर्भपतन सेवालाई पनि एक महत्वपूर्ण सेवाको रुपमा लिन आवश्यक छ कि छैन सो बारेमा धारणा बुझ्न;
- स्टाफ नर्शहरुबाट पनि सुरक्षित गर्भपतन सेवा संचालन गर्ने सरकारी नीति प्रति जनसमुदायको धारणा थाहा पाउन;
- महिलाहरुलाई सामाजिक, धार्मिक, आर्थिक कारणले गर्दा लुकिछिपी असुरक्षित तथा अवैध गर्भपतन गर्न बाध्यता पारेको छ कि छैन त्यसबारेमा जनसमुदायको धारणा थाहा पाउन ।

## नतिजाहरू (Results)


### गर्भपतनसम्बन्धी कानुन र सेवा बारेको ज्ञान

#### बहुमत शहरी बासिन्दाहरू अझै कानुनी मान्यताका बारेमा अनभिज्ञ

गर्भपतनले कानुनी मान्यता पाएको चार वर्ष बितिसके पनि शहरी क्षेत्रका बासिन्दाहरु मध्ये ५१% लाई नेपालमा गर्भपतनले कानुनी मान्यता पाएको बारेमा अझै जानकारी छैन (चार्ट १)।


चार्ट १ : तपाईको विचारमा हाम्रो देशमा गर्भपतनले कानुनी मान्यता पाएको छ कि छैन होला ?

(संख्या २७९२)




चार पटकको (२००२, २००३, २००४ र २००६) सर्वेक्षणको परिणामले भने गर्भपतनले कानुनी मान्यता पाएको सम्बन्धीको ज्ञान वा चेतनाको स्तरमा क्रमश: वृद्धि हुँदै गएको देखिएको छ। सन् २००२ मा केवल २२% उत्तरदाताले गर्भपतनले कानुनी मान्यता पाएको बताएका थिए। यो प्रतिशत २००३ मा २६% पुगेको थियो। सन् २००४ मा त्यो प्रतिशत उत्साहजनकरुपमा वृद्धि भएर ४२% पुगेको थियो। अहिले आएर सन् २००६ मा ४९% रहेको छ। (चार्ट २)।

चार्ट २: नेपालमा गर्भपतनले कानुनी मान्यता पाएको छ भन्नेको वृद्धिदर




यो वर्ष गर्भपतनले कानुनी मान्यता पाएको छ भन्नेहरुमा महिला (४४%) भन्दा पुरुषहरुको प्रतिशत केही बढी (५४%) रहेको र विवाहित (४७%) को दाँजोमा अविवाहितहरुमा ज्ञान केही बढी (५५%) रहेको छ। त्यसैगरी शहरी क्षेत्रका कहिल्यै पत्रपत्रिका नपढ्नेमा (२२%) कहिल्यै रेडियो नसुन्नेमा (२५%) कहिल्यै टिभी नहेर्नेमा (१९%) भन्दा पत्र पत्रिका नियमित पढ्नेमा (६६%), नियमित रेडियो सुन्नेमा (५६%) र टि.भी. हेर्नेहरुमा (५३%) गर्भपतनले कानुनी मान्यता प्राप्त गरेको ज्ञान बढी भएको देखिन्छ। त्यस्तै, जातियताको आधारमा हेर्दा ब्राम्हण/ क्षेत्री (६१%), नेवार (५१%) र जनजाती (३९%) को दाँजोमा तराई (३७%) र दलित (२७%) जातीहरुमा कमलाई मात्र ज्ञान रहेको छ।

#### गर्भपतनसम्बन्धी कानुनी प्रावधानका सम्बन्धमा अझै कम ज्ञान

गर्भपतनसम्बन्धी कानुनी प्रावधानहरु मध्ये पहिलो प्रावधान "गर्भवती महिलाको स्वीकृतिमा १२ हप्तासम्मको गर्भपतन गर्न पाइन्छ" भन्ने बारेमा आधाभन्दा कम (४२%) लाई मात्र जानकारी रहेको छ। दोस्रो प्रावधान "जवरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भपतन गर्न पाईन्छ" भन्ने बारेमा धैरै कम (४%) लाई मात्र जानकारी छ। यस्तै तेस्रो प्रावधान "यदि गर्भको कारणले महिलाको ज्यानमा खतरा परेमा, शारीरिक तथा मानसिक रुपमा स्वास्थ्यमा असर परेमा र विकलाङ्ग बच्चा जन्मन सक्ने अवस्थामा योग्य चिकित्सकको रायले जुनसुकै अवधिको गर्भपतन गर्न पाइन्छ" भन्ने बारेमा बताउन सक्नेहरु ६ जनामा १ जना (१६%) मात्र रहेको छ। (यो केवल गर्भपतनले कानुनी मान्यता पाएको छ भनि थाहा पाउने मध्येकाहरुमात्र हुन्)

#### सुरक्षित गर्भपतन सेवा आफ्नो शहर/जिल्लामा संचालन भईरहेको छ भन्नेमा बहुमत जनसमुदायलाई विश्वास

आधा भन्दा बढी जनसमुदायहरुले (५६%) आफ्नो शहर/जिल्लामा सुरक्षित तथा वैद्य गर्भपतन सेवा संचालन भईरहेको कुरामा विश्वास राखे तापनि त्यस्तो विश्वास राख्नेहरुमध्ये केवल १९% लाई मात्र आफ्नो शहर वा जिल्लाको मान्यता प्राप्त स्वास्थ्य संस्थाको बारेमा सही जानकारी रहेको छ। धेरैलाई (८१%) मान्यता प्राप्त संस्थाको बारेमा सही जानकारी नभएको देखिन्छ।


### मातृ मृत्युदरमा प्रभाव

#### बहुसंख्यक जनसमुदायहरूको सुरक्षित गर्भपतन सेवा शुरू भए यता मातृमृत्यु दर घट्दैछ भन्ने धारणा

बहुसंख्यक जनसमुदायहरुले (६४%) हाम्रो देशमा सुरक्षित गर्भपतन सेवा संचालन भए यता मातृमृत्यु दर घट्दै छ भन्ने धारणा राख्दछन्। केवल ९% को मात्र बढ्दैछ भन्ने धारणा रहेको छ। १३% ले उस्तै रहेको धारणा राखेका छन् भने भन्न सक्दिन भन्नेहरुको संख्या १४% रहेको छ (चार्ट ३)।

चार्ट ३ : सुरक्षित गर्भपतन सेवा शुरु भए यता हाम्रो देशमा मातृमृत्यु दर घट्दैछ कि बढ्दैछ कि उस्तै छ होला ?

(संख्या २७९२)





## सुरक्षित गर्भपतन सेवा तथा सेवा शुल्कसम्बन्धी धारणा

### अधिकांसले सेवा शुल्क सरकारले निर्धारण गरिदिएकोमा सहमत

विगतमा सरकारी अस्पतालहरुले सुरक्षित गर्भपतन सेवा शुल्क आफैले निर्धारण गरी लिने गरेका थिए । यस्तो सेवा शुल्क अस्पताल अनुसार फरक फरक रहेको थियो । प्रायजसो अस्पतालहरुले रु.१,००० भन्दा बढी रु.२,००० - २,५०० सम्म लिने गरेको थियो । अघिल्लो जनमत सर्वेक्षणमा सरकारी अस्पतालको यस्तो सेवा शुल्क महंगों र उचित नभएको धारणा जनसमुदायहरुले राखेका थिए । यो विषयलाई **कृपा**ले आफ्नो वकालत मार्फत सेवा शुल्क कम गर्न सरकारलाई दिएको सुझाव अनुसार सरकारले सरकारी अस्पतालहरुले औषधी सहित बढि रु. १,००० सम्म मात्र सेवा शुल्क लिन पाउने निर्णय गरेको थियो, यो निर्णयलाई प्राय सवै (८७%) जनसमुदायहरुले सही मानेका छन् (चार्ट ४) ।

चार्ट ४ : सरकारी अस्पतालहरुले रु. १,००० भन्दा बढी सेवा शुल्क लिन नपाउने सरकारी निर्णय तपाईलाई कस्तो लाग्यो ?

(संख्या २७९२)





### प्राय सवै जनसमुदायहरूले नीजि क्षेत्रलाई पनि सरकारले नै सेवा शुल्क तोक्नु पर्नेमा जोड दिएका छन्

अब सरकारी अस्पतालहरुमा जस्तै नीजि क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको पनि सुरक्षित गर्भपतन सेवा शुल्क सरकारले नै निर्धारण गर्नु पर्छ भन्ने प्राय सबै जनसमुदायहरु (९८%) को धारणा रहेको छ (चार्ट ५) ।

चार्ट ५ : सरकारले निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको सेवा शुल्क निर्धारण गर्नु पर्छ कि पर्दैन होला ?

(संख्या २७९२)





### डाक्टरहरूले अस्पतालमा सुरक्षित गर्भपतन सेवालाई महत्वपूर्ण सेवाको रुपमा हेर्नु पर्ने प्राय सवै जनसमुदायहरुको धारणा

सुरक्षित गर्भपतन सेवालाई केही डाक्टरहरुको त्यति महत्वपूर्ण सेवाको रुपमा हेर्न आवश्यक छैन भन्ने धारणालाई जनसमुदायहरुले पूर्ण रुपमा गलत सावित गरिदिएको छ । सुरक्षित गर्भपतन सेवालाई चिकित्सकहरुले अस्पतालमा एक महत्वपूर्ण सेवाको रुपमा हेर्नु पर्छ भनि प्राय सवै ९२% जनसमुदायहरुले आफ्नो धारणा राखेका छन् (चार्ट ६) ।

चार्ट ६ : डाक्टरले अस्पतालमा गर्भपतन सेवालाई महत्व दिनु पर्छ कि पर्दैन होला ?

(संख्या २७९२)





### प्रायजसो जनसमुदायहरुको स्टाफ नर्सबाट पनि सुरक्षित गर्भपतन सेवा संचालन गर्नुपर्नेमा जोड

सुरक्षित गर्भपतन सेवालाई ग्रामिण महिलाहरुका लागि पनि सर्वशुलभ तथा पहूँच योग्य बनाउन स्टाफ नर्सहरुबाट पनि सेवा संचालन गर्न उपयुक्त हुने कुरामा प्रायजसो ८७% जनसमुदायहरु रहेका छन् (चार्ट ७) ।

चार्ट ७ : हाम्रो देशमा स्टाफ नर्शबाट पनि सुरक्षित गर्भपतन सेवा संचालन गर्नु तपाईलाई ठीक बेठीक कस्तो लाग्छ ?

(संख्या २७९२)





## गर्भपतन महिलाको प्रजनन अधिकार

### अधिकांश जनसमुदायहरु गर्भपतन सम्बन्धी अधिकार महिलालाई दिएकोमा सहमत

शहरी क्षेत्रका चार भागको तिन भाग (७५%) जनसमुदायहरुले गर्भपतन सम्बन्धी अधिकार महिलालाई दिएकोमा सहमत जनाएका छन् । यसरी सहमत जनाउनेहरुमा पुरुषको दाँजोमा महिलाहरुको संख्या बढि रहेको छ । पुरुषहरु यस विषयमा ६८% ले सहमत जनाएता पनि ३१% पुरुषहरुले यो अधिकार महिलालाई दिएकोमा असहमती जनाएका छन् । महिलाहरु तर्फ ८२% ले सहमती जनाएका छन् भने केवल १७% ले असहमती जनाएका छन् (चार्ट ८) ।

**चार्ट ८ : गर्भपतन गर्ने अधिकार महिलालाई दिएकोमा तपाई सहमत असहमत के हुनुहुन्छ ?**

(संख्या २७९२)




## लुकीछिपी असुरक्षित गर्भपतन गर्न बाध्य पार्ने कारणहरु

**गर्भपतनसम्बन्धी कानुन र सेवासम्बन्धी ज्ञानको अभाव, समाजको नकारात्मक सोचाई तथा अन्य कारणहरूले गर्दा अझै पनि महिलाहरूलाई लुकिछिपी असुरक्षित तथा अवैद्य गर्भपतन गर्न बाध्य पारेको छ ।**

हाम्रो देशमा अझै पनि महिलाहरुलाई लुकिछिपी असुरक्षित तथा अवैद्य गर्भपतन गर्न के-के ले बाध्य पारेको छ भन्ने विषयहरुमा गर्भपतनले कानुनी मान्यता पाएको छ भन्ने जानकारी महिलाहरुलाई नभएर हो भन्ने धारणा राख्ने प्राय ८३% जनसमुदाय रहेको छ। यस्तै सेवाको बारेमा जानकारी नभएर ८२% र समाजको नकारात्मक सोचाईले गर्दा हो भन्ने ८१%, जनसमुदायको धारणा रहेको छ। महिलालाई यस्तो बाध्यता पर्नुमा गरिवीको कारणले गर्दा भन्ने ७७%, सेवा शुल्क महंगो भएर भन्ने ७३%, सेवा दिने स्थान टाढा भएर भन्नेहरु ६९% रहेका छन्। यो विषय दम्पति विच अन्तरसम्वाद नभएर र धर्मको कारणले गर्दा हो भनि धारणा राख्नेहरुमा क्रमश ६०% र ५२% रहेको छ। (तालिका १)

**तालिका १ : महिलालाई लुकिछिपी असुरक्षित तथा अवैध गर्भपतन गर्न बाध्य पार्ने निम्न लिखित कुराहरूमा तपाई सहमत, असहमत के हुनुहुन्छ ?**

| अवस्थाहरु | सहमत (%) | असहमत (%) | भन्न सक्दिन (%) |
|---|---|---|---|
| कानुनी ज्ञानको अभावले | ८३ | १४ | ३ |
| सेवाको बारेमा ज्ञान नभएर | ८२ | १५ | ३ |
| समाजको नकारात्मक सोचाई | ८१ | १७ | २ |
| गरिबी | ७७ | २१ | २ |
| महँगो सेवा शुल्क | ७३ | २२ | ५ |
| सेवा दिने स्थान टाढा भएकोले | ६९ | २८ | ३ |
| दम्पत्ति बीच खुला छलफल नहुनु | ६० | ३५ | ५ |
| धर्मको कारण | ५२ | ४३ | ५ |


## औषधीको प्रयोगबाट गरिने सुरक्षित गर्भपतन (Medical Abortion)

**अधिकांस जनसमुदायहरूले औषधीको प्रयोगबाट गरिने सुरक्षित गर्भपतन प्रविधिको संचालन गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।**

अधिकांस जनसमुदायहरु (७६%) ले अमेरिका, भारत लगायत अन्य २७ वटा देशहरुमा हाल सञ्चालन भइरहेको औषधीको प्रयोगबाट गरिने सुरक्षित गर्भपतनको प्रविधि हाम्रो देशमा पनि संचालनमा ल्याउनु उपयुक्त हुने कुरा औंल्याएका छन् (चार्ट ९)।

**चार्ट ९ : औषधिको प्रयोगबाट गरिने सुरक्षित गर्भपतनको प्रविधि हाम्रो देशमा पनि संचालन गर्नु उपयुक्त छ कि छैन होला ?**

(संख्या २७९२)




### *नीतिगत सुझावहरु:*

- गर्भपतनसम्बन्धी कानुन तथा सेवा वारे अझै कमैलाई मात्र जानकारी भएको देखिएको छ यसमा पनि अझै दलित तथा मधेशी समुदायका महिलाहरुमा न्यून जानकारी भएको हुनाले यी समुदायको अलावा सवैमा छलफल प्रचार प्रसार तथा जनचेतनामुलक कार्यक्रमहरु हुन आवश्यक देखिन्छ।
- सरकारी अस्पतालहरुमा आवश्यक पूर्वाधारको विकास गरी गर्भपतन सेवाको बिस्तार गरिनु पर्ने, नियमित रुपमा सेवा संचालन गरिनुपर्ने साथै अनुमति प्राप्त अस्पतालहरुको बारेमा व्यापक प्रचार प्रसार गरिनुपर्ने आवश्यकता देखिन्छ।
- महिलाहरुले लुकिछिपि असुरक्षित तथा अवैध गर्भपतन गर्ने बाध्यताको अन्त गर्न गर्भपतन सम्बन्धि कानुन र सेवाका बारेमा जानकारी दिंदै यसप्रति समाजको नकारात्मक धारणा परिवर्तन गर्ने प्रकारको कार्यक्रमहरुको तर्जुमा गर्नु पर्ने र सेवालाई सर्वसुलभ रुपमा विकास गर्नु पर्ने देखिन्छ।
- सुरक्षित गर्भपतन सेवामा ग्रामिण महिलाहरुको पहूंच बढाउन स्टाफ नर्सहरुबाट पनि सुरक्षित गर्भपतन सेवा संचालन गर्ने सरकारी नीतिको कार्यान्वयनमा तदारुकता अपनाउनु पर्ने र Medical Abortion को संचालनमा आवश्यक पहल गर्नुपर्ने देखिन्छ।
- सुरक्षित गर्भपतन सम्बन्धी कानुनी व्यवस्था र सेवाहरुको बारेमा आम संचारको माध्यमबाट प्रचार प्रसार गरेमा प्रभावकारी हुनेछ।


### *References:*

CREHPA, 2003. Public Opinion Poll on Abortion and Abortion Law-I 2002. RH Research Policy Brief, No. 5, 2003.

CREHPA, 2003. Public Opinion Poll on Abortion Law and Rights-II. News Release, 2003

CREHPA, 2005. Public Opinion Poll on Abortion Law and Service- III 2004. RH Research Policy Brief, No. 9, 2005

श्री ५ को सरकार, २०६० सुरक्षित गर्भपतन सेवा प्रक्रिया, खण्ड ५३, नेपाल राजपत्र, २०६०

श्री ५ को सरकार, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताव व्यवस्था समिति, २०५९ मुलुकी ऐन




*सन् २००६ को जनमत सर्वेक्षण सार्वजनिक गर्न नोभेम्बर २०, २००६ मा होटल हिमालयमा आयोजित पत्रकार सम्मेलन*

